# स्थानीय राजपत्र

तिनाउ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७, भाग २, संख्या ६, मिति २०८१ कार्तिक १३ गते


## भाग-२

## तिनाउ गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय, दोभान, पाल्पा

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

प्रारम्भिक बाल विकास संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१

प्रस्तावना

विद्यालय शिक्षाको आधारका रुपमा रहेको प्रारम्भिक बाल विकास र शिक्षाको गुणस्तर सुधार गर्दै प्रारम्भिक बालबालिकाको चौतर्फी विकासको थलोको रुपमा विकास गर्ने उदेश्यले प्रारम्भिक बाल विकास केन्द्रको संचालन तथा व्यवस्थापनमा एकरुपता गर्न वाञ्छनीय भएकाले, तिनाउ गाउँपालिका शिक्षा ऐन २०७६ ले दिएको अधिकार प्रयोग गरी तिनाउ गाउँपालिकाले यो निर्देशिका बनाई लागु गरेको छ ।

## परिच्छेद १

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(क) यस निर्देशिकाको नाम **"प्रारम्भिक बाल विकास संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१" रहेको छ।**

(ख) यो निर्देशिका कार्यपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमाः

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।

(ख) स्थानीय शिक्षा ऐन भन्नाले गाउँपालिका बाट जारी गरेको स्थानीय शिक्षा ऐन ,२०७६लाई सम्झनु पर्दछ।

(ग) निर्देशिका भन्नाले प्रारम्भिक बाल विकास संचालन तथा व्यवस्थापन निर्देशिका, २०८१ सम्झनुपर्दछ।

(घ) कार्यपालिका भन्नाले तिनाउ गाउँ कार्यपालिकालाइ सम्झनुपर्दछ ।

(ङ) " प्रमुख भन्नाले गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(च) प्रमुख प्रशासकिय अधिकृत भन्नाले तिनाउ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ सम्झनु पर्दछ।

(छ) शाखा भन्नाले शिक्षा युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ ।

(ज) "प्रारम्भिक बाल शिक्षा केन्द्र भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एकवर्षको शिक्षा दिने प्रयोजनका लागी स्थापित के न्द्र सम्झनुपर्दछ ।

(झ) "केन्द्र भन्नाले गाउँपलिकाको अनुमतिमा सञ्चालित प्रारम्भिक वाल लिक्षा के न्द्र वा शिशु विकास के न्द्र वा दुबैलाई सम्झनु पर्दछ ।

(ञ) बाल विकास शिक्षक" भन्नाले प्रारम्भिक बाल विकास तथा बाल विकास केन्द्र मा सहजीकरण गर्ने शिक्षकलाई सम्झनुपर्दछ ।

## परिच्छेद २

३. के न्द्र स्थापनाः (१) कु नै व्यक्ति वा संस्थाले के न्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागी सम्बन्धित वडा कार्यालयको सिफारीस सहित अनुसूची–१ बमोजिमको ढाँचामा माघ १ गते देखि फागुन मसान्त भित्रमा शिक्षा युवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न अएमा त्यस्तो निवेदनका सम्बन्धमा अवश्यक जाँचबुझ गरी निवेदक संस्थालाइ केन्द्र स्थापना गर्न गाउँपालिकाले तोकेको मापदण्ड तथा प्रक्रिया बमोजिम अनुमित दिन मनासिव देखिएमा अनुसूचि २ बमोजिमको ढाँचामा चैत्र मसान्त भित्र गाउँ शिक्षा समितिले नियमानुसार अनुमति दिन सक्नेछ ।

( ३) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले तोकिएको मापदण्ड पुरा नगरेमा जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

९ (४ ) केन्द्र स्थापनाका लागि निवेदकले आफ्नो निवेदनमा देहायका कुरा खुलाएको हुनुपर्दछ ।

(क) बालविकास केन्द्र संचालन प्रस्तावना ।

(ख) बालविकास केन्द्रमा भर्ना हुन आउने बालबालिकाहरुको उमेर समुह र संख्या

( ग ) अभिभावकहरुसँगको छलफल तथा भेलाको निर्णय ।

( घ) बालविकास केन्द संचालन गर्ने भौतिक संरचना, सिकाइ प्रक्रिया तथा बालबालिकाको सुरक्षा को सुनिश्चितता ।

४. केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधार

केन्द्र स्थापना गर्न देहायका पूर्वाधार हुनुपर्नेछ ।

(क) फराकिलो, खुला, शान्त सुरक्षित भवन, सफा र स्वच्छ खानेपानी र शौचालय

(ख) खेल्ने चौर, बाल उद्यान र खेल सामाग्रीहरु

(ग) पौष्टिक खाजाको व्यवस्था भएको

(घ) सुरक्षाको उचित वयवस्थापन

(ङ) सहजकर्ता र सहयोगीको प्रचलित कानुनअनुसार व्यवस्था भएको ।

५ नामाकरणः

केन्द्रको नामाकरण गर्दा राष्ट्रिय महत्वको भौगोलिक,धार्मिक वा ऐतिहासिक स्थल राष्ट्रिय विभूति राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्तित्वको नाम तथा शिक्षा क्षेत्रमा योगदान गरेको शिक्षाप्रेमी तथा संचालक संस्था आदिको नामबाट संचालन गर्नेगरी नामाकरण गर्नुपर्नेछ ।

## परिच्छेद ३

## समिति सम्बन्धि व्यवस्था , गाउँपालिको काम, कर्तव्य र अधिकार

६. स्थानिय प्रारम्भिक बालविकास समिति गठनः

१.गाउँपालिका भित्र बालविकासकेन्द्र वा शिशु विकास केन्द्र एवंम् शिक्षाको व्यवस्थापन र विकासका लागि एक स्थानिय प्रारम्भिक बालविकास समिति रहनेछ । स्थानिय प्रारम्भिक बालविकास समिति गठन तथा काम कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ ।

| | |
|---|---|
| क.गाउँपालिका प्रमुख | अध्यक्ष |
| ख. अध्यक्ष स्थानिय बाल अधिकार समिति | सदस्य |
| ग. प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ. सामाजिक विकास समिति संयोजक | सदस्य |
| ङ. स्वास्थ्य र महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |
| च.गाउपालिका अध्यक्षले तोकेको प्रारम्भिक बालविकास क्षेत्रमा काम गरेको बालविकास विज्ञ १ जना | सदस्य |
| छ. विद्यालय व्यवस्थापन समिति वा केन्द्रको व्यवस्थापन समितिका अध्यक्षमध्ये प्रमुखबाट मनोनित एकजना | सदस्य |
| ज.शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

२.समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिले आवश्यकता अनुसार सामाजिक संघ संस्था तथा निजी सेवा प्रदायका प्रतिनिधि वा मातृ विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा प्रधानाध्यापकलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

३ स्थानिय प्रारम्भिक बालविकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क. स्थानिय स्तरमा राष्ट्रिय तथा प्रदेश नीति, रणनिति, कार्यक्रमसँग तादाम्यता हुनेगरी प्रारम्भिक बालविकासको नीति, रणनिति र कार्यनिती तर्जुमा गर्ने ।

ख. प्रमुख कार्यान्वयनकर्ताको रुपमा प्रारम्भिक बालविकासका कार्यक्रमहरुको कार्यन्वयनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न समन्वय र सहजीकरण गर्ने ।

ग. वडास्तरमा कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न कार्यक्रमको खाका तयार गरी लागु गर्ने ।

घ. स्थानिय स्तरमा प्रारम्भिक बालविकास सम्बन्धि सम्पूर्ण कार्यको समन्वय, कार्यान्वयन, अनुगमन मूल्यांकन गर्ने ।

४. समितिले आवश्यकता अनुसार अस्थायी प्रकृतीका कार्यसमितिहरु निर्माण गर्न र गराउन सक्नेछ ।

८. गाउँपालिकाको काम कर्तव्य र अधिकारः गाउँपालिकाको काम कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ

क.बालविकास केन्द्र,शिशु विकास केन्द्र तथा मन्टेश्वरी कक्षा संचालन गर्न गाउँ शिक्षा समिति हुदै गाउँपालिकाबाट अनुमति दिने ।

ख.पालिका स्तरमा प्रारम्भिक बालविकास केन्द्रहरुको नक्सांकन तयार गरी आवश्यकता पहिचान गर्ने ।

ग. सहजकर्तालाई अनिवार्य आधारभूत तालिमको व्यवस्थापन गर्ने र आवश्यकता हेरी समय समयमा क्षमता विकास तालिममा सहभागी गराउने ।

घ. अभिभभावक शिक्षा सम्बन्धि कार्यक्रम संचालन गर्ने ।

ङ. समय समयमा प्रारम्भिक बालविकास केन्द्रहरुको निरीक्षण अनुगमन गर्ने व्यवस्था मिलाउने ।

९. समुदायमा आधारित केन्द्रको व्यवस्थापन समिति

१.समुदायमा आधारित बालविकास केन्द्र संचालन,व्यवस्थापन र रेखदेखका लागि प्रत्येक केन्द्रमा देहायबमोजिमको प्रारम्भिक बालविकास केन्द्र वा शिशु विकास केन्द्र तथा मन्टेश्वरी व्यवस्थापन समिति रहनेछ

क. अभिभावक ÷लगानीकर्ता मध्येबाट छानिएको एक जना — अध्यक्ष

ख. सम्बन्धित वडा अध्यक्ष वा वडा समितिको सदस्य — सदस्य

ग. अभिभावक मध्येबाट व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुइ जना — सदस्य

घ. सम्बन्धित केन्द्रको सहजकर्ता — सदस्य सचिव

२. उपदफा (१) मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि विद्यालयमा संचालित केन्द्रको हकमा सम्बन्धित विद्यालय व्यवस्थापन समितिले केन्द्रको व्यवस्थापन समितिको कार्य गर्नुपर्दछ ।

३. मनोनित पदाधिकारीको पदावधी ३ वर्षको हुनेछ । समितिको बैठक कम्तिमा दुई महिनामा एकपटक बस्नुपर्नेछ ।

४. केन्द्र संचालन सम्बन्धमा स्रोत जुटाउने, भौतिक पूर्वाधार तयार गर्ने, रेखदेख गर्ने, सिकाइ वातावरण तयार गर्ने ,सम्बन्धित वडा कार्यालय गाउँपालिकासँग समन्वय गर्ने तथा गाउँपालिकाले तोकेबमोजिमका कार्य गर्ने गराउने लगायतका जिम्मेवारी व्यवस्थापन समितिको हुनेछ ।

परिच्छेद ४

सहजकर्ता नियुक्ती, काम कर्तव्य र अधिकार

१०. सरकारी अनुदानमा संचालित प्रारम्भिक बालविकास केन्द्र वा शिशु विकास केन्द्रमा सहजकर्ता

१. सरकारी अनुदानमा संचालित प्रारम्भिक बालविकास केन्द्र वा शिशु विकास केन्द्रमा सहजकर्ता नियुक्ती प्रक्रिया देहाय बमोजिम हुनेछ

क. सहजकर्ताको नियुक्ती विद्यालय व्यवस्थापन समितिले योग्यता पुगेका उम्मेद्वारहरुवाट प्रक्रिया पुरा गरी गर्नुपर्नेछ  तर यो कार्यविधि जारी हुनु पूर्व कार्यरतको हकमा योग्यता लागू हुनेछैन् तर तालिम हासिल गरेको हुनुपर्नेछ ।

ख. नियुक्तिका लागि कम्तिमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी योग्यता पुगेको इच्छुक उम्मेद्वारबाट निवेदन आवह्यान गर्नुपर्नेछ जसमा शैक्षिक योग्यता,सेवा शर्त सुविधा स्पष्ट खुलाउनुपर्नेछ ।

ग. सहजकर्ता छनोट गरी नियुक्तीका लागि तपशिल बमोजिमको छनोट समिति रहनेछ ।

| | |
|---|---|
| अ. विद्यालय व्यवस्थापन समिति अध्यक्ष ÷केन्द्र व्यवस्थापन समिति अध्यक्ष | संयोजक |
| आ. शिक्षा शाखाबाट तोकिएको अधिकृत प्रतिनिधि | सदस्य |
| इ. विषय विशेषज्ञ    दुइ जना | सदस्य |
| ई. विद्यालयको प्रधानाध्यापक  केन्द्र व्यवस्थापक | सदस्य सचिव |

घ.सहजकर्ता छनोटको लागि प्रारम्भिक बालविकास शिक्षा पाठ्यक्रममा आधारित २० (२० *१) पूर्णाङ्कको वस्तुगत, ८० (८*१०) पूर्णाङ्कको विषयगत गरी जम्मा १०० पूर्णाङ्कको परीक्षा तथा २५ पूर्णाङ्कको अन्तवार्ता सम्बन्धि परीक्षा संचालन गरीनेछ ।

११.सहजकर्ताको योग्यता

सहजकर्ता हुन देहायबमोजिम को योग्यता पुगेको हुनुपर्नेछ ।

क.नेपाली नागरीक

ख.एस.एल.सी. वा एस.इ.इ वा सो सरह उत्तीर्ण गरेको ।

ग. अठार वर्ष पुरा भइ चालिस वर्ष ननाघेको ।

घ. महिला हुनुपर्ने ।

ङ.नैतिक पतन हुनेगरी फौजदारी अभियोग नलागेको हुनुपर्ने ।

१२. सरकारी अनुदानमा संचालित केन्द्रको सहजकर्ताको काम,कर्तव्य र अधिकार ः

सरकारी अनुदानमा संचालित केन्द्रको सहजकर्ताको काम,कर्तव्य र अधिकार देहायबमोजिको हुनेछ ।

क.केन्द्र नियमित रुपमा संचालन गर्ने गराउने ।

ख.अध्यक्षको निर्देशनमा व्यवस्थापन समितिको बैठक बोलाउने ।

ग.केन्द्रको कोषको जिम्मा लिने र केन्द्रको सम्पत्तिको सुरक्षा गर्ने ।

घ.केन्द्रका अभिलेखहरु अध्यावधिक गरी राख्ने ।

ङ.बालबालिकाहरुको नियमितताका लागि अभिभावकहरुसँग समन्वय गर्ने ।

च.गाउँपालिकासँग नियमित सम्पर्क र समन्वय राख्ने र दिएका निर्देशनहरु पालना गर्ने ।

छ. अभिभावक शिक्षा कार्यक्रम संञ्चालन गर्ने ।

ज.बालविकास केन्द्रका विद्यालय उमेर समूहका बालबालिकालाई कक्षा एकमा भर्ना गराउने ।

१३. सहजकर्ताको आचरण ः सहजकर्ताको आचरण देहायबमोजिम हुनेछ ।

क.कार्यमा नियमितता ।

ख.मृदुभाषी ।

ग.बालमनोरञ्जनमा सजक ।

घ.पेशाप्रति आस्थावान ।

ङ.अनुशासित ।

१४. सहजकर्ताको पारिश्रमिक र बिदा

१. सरकारी अनुदानमा संचालित बालविकास केन्द्रमा कार्यरसहजकर्तालाई नियुक्ती दिई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघटाइ उपलब्ध गराउनुपर्नेछ ।सहजकर्ताले सामुदायिक विद्यालयका अस्थायी वा करार शिक्षक सरह विदा पाउनेछन् ।

२.सहजकर्ताको प्रत्येक वर्ष व्यवस्थापन समितिले सेवा करार नविकरण गर्नुपर्नेछ ।

३.सहजकर्ताको उमेर हद ६० वर्षको हुनेछ ।

## परिच्छेद ५

## दर्ता शुल्क,धरौटी रकम,सवारी साधन प्रयोग र प्रमाणपत्र

१५. धरौटी रकम राख्नु पर्ने M केन्द्र खोल्ने अनुमति लिदा संचालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रुपमा राख्नुपर्नेछ ।

१.प्रारम्भिक बाल विकास केन्द्र,शिशु विकासकेन्द्रको मन्टेश्वरी कक्षाको लागि रु.पचास हजार ।

२. धरौटी रकमका लागि गाउँपालिकाको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

३) दफा १ मा जुनसुकै कुरा उल्लेख गरेको भएतापनि सरकारी तथा सामुदायिक बालविकास केन्द्र खोल्ने अनुमति लिदाँ कुनै पनि धरौटी लाग्ने छैन् ।

१६. दर्ता शुल्क  केन्द्र दर्ता गर्दा देहाय बमोजिमको शुल्क लाग्नेछ ।

क.निवेदन शुल्क रु. पाँच सय ।

ख.अनुमति शुल्क रु. दुई हजार ।

१७.विशेष व्यवस्था १.केन्द्रले शैक्षिक शत्र शुरु हुनुभन्दा एक महिना अगावै शुल्क प्रस्ताव गरी पालिकामा पेश गर्नुपर्नेछ ।प्रस्ताव पेश गरेको एक महिनाभित्रमा कार्यालयले स्वीकृत गर्नुपर्ने वा संसोधन सहित शुल्क तोकिदिनुपर्नेछ ।

२.केन्द्रले पालिकाले स्वीकृत गरेबमोजिम शुल्क लिनुपर्नेछ ।

१८. प्रमाणपत्र जारी गर्न नपाईने शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका बालबालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न र विभिन्न उपाधिका औपचारिक कार्यक्रम संचालन गर्न पाउनेछैन ।

१९.सवारी साधनको प्रयोग गर्न नपाइनेः

१.केन्द्रले बालबालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन लैजान  सामान्यतया सवारी साधनको प्रयोग गर्न पाइनेछैन ।

२)उपदफा (१) बमोजिम बालबालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन लैजान सवारी साधन आवश्यक परेमा सवारी साधनको विवरण सहित गाउँपालिकाको कार्यालयमा अनुमति लिनु पर्नेछ । गाउँपालिकाको कार्यालयबाट अनुमति दिदा सवारी साधनको आवश्यकता तथा सवारी साधन बालमैत्री भए/ नभएको एकिन गरेर मात्रअनुमति दिइनेछ ।

३)उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले सवारी साधन प्रयोग गर्ने बालबालिकाका अभिभावकको मन्जुरी लिएर मात्र  बालबालिकालाई केन्द्र सम्म ल्याउने लैजाने गर्नुपर्दछ ।

२२. प्रगती विवरण पेश गर्नुपर्ने (१) केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र निम्न लिखित  कागजात सहित वार्षिक प्रगती विवरण शिक्षा शाखा ÷पालिकामा पेश गर्नुपर्नेछ ।

क.लेखा परीक्षण प्रतिवेदन ।

ख.निजी लगानीमा संचालित केन्द्रका लागि व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि ।

ग. निजी लगानीमा संचालित केन्द्रका लागि कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

घ.बालबालिकाको विवरण ।

ङ.कार्यालयले तोकेका अन्य वितरण ।

परिच्छेद- ६

२०. निरीक्षण तथा अनुगमन सम्बन्धी व्यवस्थाः

क. गाउँपालिका बाट प्रत्येक महिना केन्द्रको नियमित निरीक्षण तथा अनुगमन गर्नु पर्नेछ ।

ख. केन्द्र व्यवस्थापन समितिले केन्द्र सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निरीक्षण र अनुगमन नियमित रुपमा गर्नु पर्नेछ ।

ग. मातृ विद्यालयले नियमित रुपमा केन्द्रको अनुगमन र निरीक्षण गर्नुपर्नेछ ।

घ. गाउँपालिकाले निरीक्षण र अनुगमनका लागि सूचक पहिचान गरी अनुगमन फारमको विकास गर्नसक्नेछ ।

परिच्छेद- ७

आर्थिक व्यवस्थापन र लेखापरीक्षण

२१. केन्द्रको कोषः (१) सरकारी तथा सामुदायिक रुपमा सञ्चालित बालविकास केन्द्रको नाममा एउटा कोष रहनेछ र उक्त कोषमा निम्नानुसारको रकम जम्मा गरिनेछ ।

क. नेपाल सरकारबाट प्राप्त हुने अनुदान ।

ख. प्रदेश तथा विभिन्न सरकारी निकाय बाट प्राप्त हने रकम ।

ग. दान दातव्य र चन्दाबाट प्राप्त रकम ।

घ. अन्य रकम ।

ङ. चल- अचल सम्पति विक्रीकाट प्राप्त रकम ।

च. केन्द्रको नाममा प्राप्त हुने ब्याज रकम ।

छ. दातृ संस्था/ समुदायबाट प्राप्त रकम ।

ज. केन्द्रले सञ्चालन गरेको सरकारी कार्यक्रमबाट प्राप्त आम्दानी

झ. अन्य विविध स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा १ मा जुनसुकै कुरा उल्लेख गरिएतापनि सार्वजनिक विद्यालयमा सञ्चालित केन्द्रको खातामा सञ्चालन तथा कोष व्यवस्थापन विद्यालय कोषबाट हुनेछ ।

(३) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नीजि क्षेत्रबाट संचालित केन्द्रले केन्द्र ब्यबस्थापन समितिको स्वीकृतिमा कोष स्थापना गर्न सक्नेछ । उक्त कोषमा तोकिए बमोजिमका रकम जम्मा गर्नेछ ।

२२. केन्द्रको कोष परिचालनः (१) केन्द्रको उदेश्य भित्र रही केन्द्र ब्यबस्थापन समितिले निर्णय गरे बमोजिम कोषको परिचालन हुनेछ ।

२३. केन्द्र बन्द हुँदाको अवस्थामा सम्पती हस्तान्तरणः (१) सरकारी तथा सामुदायिक बालबिकास केन्द्रको नाममा जम्मा भएको रमक सोही केन्द्रको सम्पती मानिनेछ । तर केन्द्र सञ्चालन हुन नसकी बिचैमा बन्द भएमा उक्त केन्द्रको सम्पती पालिकाको गाउँ शिक्षा समितिले निर्णय गरी सबै भन्दा नजिकको केन्द्र वा विद्यायलाई हस्तान्तरण गर्न सक्नेछ । सो सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा गाउँ कार्यापालिकाको निर्णय अन्तिम हुनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नीजी क्षेत्रबाट संचालित केन्द्रको सम्पति दायित्व भुक्तानगरी बाकी सम्बन्धीत केन्द्र वि.ब्य.स को निर्णय अनुसार हुनेछ ।

२४. लेखा परिक्षणः(१)शिशु विकास केन्द्र प्रारभ्भिक बालविकास केन्द्र मन्टेश्वरी/ विद्यालयले प्रचलित कानुन बमोजिम आय व्ययको लेखा राखी आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र गाउँपालिकाले तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनुपर्नेछ ।

## परिच्छेद- ८

### आवद्धता, केन्द्र बन्द हुने समय र दैनिक सञ्चालन समय, मापदण्ड अतिरिक्त क्रियाकलाप

२५. आवद्धताः(१)सरकारी अनुदानमा समुदायमा आधारित तथा अन्य बालविकास केन्द्र नजिकको सार्वजनिक विद्यालयसँग अनिवार्य रुपमा आवद्ध हुनुपर्नेछ ।

२६. केन्द्र बन्द हुने समयः (१) अन्यत्र जुनसुकै कुरा उल्लेख गरेको भएता पनि सार्वजनिक विदाको दिन बाहेक एक शैक्षिक सत्रमा केन्द्र व्यवस्थापन समितिले बढीमा ४५ दिन केन्द्र बन्द गर्न सक्नेछ।

२७. दैनिक सञ्चालन समयः (१) प्रारभ्भिक बालविकास केन्द्र/ मन्टेश्वरी कक्षा र शिशु विकास केन्द्रको सञ्चालन समय बालबालिकाहरुका लागि विहान १०:०० बजेदेखि दिनको ३:०० बजे सम्म हुनेछ । सहजकर्ताले काम गर्ने समय भने सामुदायिक विद्यालयको कार्यालय समय बराबर हुनेछ । सहजकर्ताले ३:०० बजे पछि भोलिको लागि गरिने क्रियाकलाप सहितको पाठ योजना तयारी र आवश्यक सिकाई सामग्री व्यवस्थापन गर्नुपर्नेछ ।

२८. केन्द्रको न्यूनतम मापदण्ड (१) दफा ४ को अतिरिक्त केन्द्रको न्युनतम मापदण्ड देहायबमोजिमको हुनेछ ।

(क ) केन्द्र बालबालिकाको घरबाट १५-२० मिनेटको दुरीमा हुनुपर्नेछ ।

(ख ) कोठा बालबालिकाको लागि स्वास्थ्य अनुकुल तापक्रम भएको प्रत्येक कक्षा कोठामा कम्तिमा ५ जना देखि २०-२५ जना सम्मको समुहलाइ स्वतन्त्र रुपले बस्न, चल्न ,खेल्न, नाच्न घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ रहेको हुनुपर्नेछ ।

(ग) बालिवकास केन्द्र भुइतलामा संचालन भएको ,बालबालिकाको उमेर सुहाँउदो सिकाइ सामाग्री खेल सामाग्री मनोरञ्न सामाग्री शौचालयको प्रवन्ध मिलाउनुपर्दछ ।

(घ) सिकाइको माध्यम अभिनय, खेलकुद , मनोरञ्जन, सिर्जनात्मक क्रियाकलाप , स्वावलम्बन सिकाइ विज्ञान सिकाइ तथा अभ्यासजनक सिकाइ सामाग्री कक्षा कोठामा व्यवस्था गर्नुपर्नेछ ।

(ङ) प्रत्येक बालबालिकाको लागि पुग्दो सफा र सुरक्षित पिउने पानी सरसफाइको लागि प्रयाप्त पानी प्राथमिक उपचारको लागि औषधीहरु नियमित स्वास्थ्य परीक्षण स्वच्छ, सफा र स्वस्थवर्धक खाना खाजाको व्यवस्था र फोहोरमैलाको व्यवस्थापन मिलाउनुपर्दछ ।

(च) भर्ना पुस्तिका ,दैनिक हाजिरी पुस्तिका, बैठक पुस्तिका ,स्वास्थ्य पुस्तिका बालबालिकाहरुको लागि छुट्टै व्यक्तिगत फाइल तथा पुर्वलेखन अभ्यास पुस्तिका हुनुपर्नेछ ।

(छ) केन्द्र परिसर पोखरी, भिर, उद्योग कलकारखानाबाट टाढा रहेको हुनुपर्दछ ।

केन्द्र प्रत्येक दिन बालविकास सम्बन्धी खेल तथा अन्य गायन नृत्य चित्रकला जस्ता अतिरिक्त क्रियाकलाप अनिवार्य रुपमा गराउनु पर्नेछ ।

## परिच्छेद- ९

## विविध

२९. स्वीकृत पाठयक्रम र पाठयपुस्तक प्रयोग गर्नुपर्नेः प्रारम्भिक बालविकास केन्द्र/ शिशु विकास केन्द्रले बालबालिकाको सर्वाङ्गीण विकासका लागि पाठयक्रम विकास केन्द्र, गाउँपालिकाबाट स्वीकृत पाठयक्रम, पाठयुस्तक तथा सन्दर्भ सामाग्री प्रयोग गर्नुपर्नेछ ।

३०. केन्द्र बन्द समायोजनः (१)केन्द्रमा न्यूनतम १० जना भन्दा कम विद्यार्थी भएको वा कुनै कारणवश केन्द्र बन्द गर्नुपर्ने आवश्यक भएमा गाउँ शिक्षा समितिले केन्द्र बन्द गर्न वा केन्द्रलाई अन्य कुनै विद्यालयमा समायोजन गर्नसक्नेछ । यसरी बन्द वा समायोजन भएका सरकारी अनुदानमा सञ्चालित केन्द्रमा कार्यरत सहजकर्तालाई दरबन्दी गाउँपालिकाको पुल दरबन्दी कायम गरी अन्य केन्द्र तथा विद्यालयमा कामकाजमा खटाउन सकिनेछ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि नीजि क्षेत्रबाट संचालित केन्द्रको बन्द तथा समायोजन केन्द्र बि.ब्य.स समितिको निर्णय बमोजिम हुनेछ ।

३१.समुदायमा आधारित केन्द्र ब्यवस्थापनःसमुदायमा आधारित केन्द्रलाई विद्यालयमा समायोजन गर्दै लैजाने नीति अबलम्बन गरिनेछ ।कुनै कारणबस विद्यालयमा कार्यरत बालविकास सहजकर्ताको पद रिक्त भएमा सो रिक्त पदमा समुदायमा आधारित केन्द्रलाई प्राथमिकता दिई समायोजन गरिनेछ ।

३२. विद्यालयमा रहने बालविकास केन्द्रको विवरण तथा ब्यवस्थापनः साधारणतया सामुदायिक विद्यालयमा विद्यार्थि संख्याका आधारमा प्रति विद्यालय अधिकतम ३ वटासम्म बालविकास कक्षा

संचालन गर्न सकिनेछ ।एक वडा मा सो भन्दा बढी रहर्को विद्यालय तथा समुदायमा आधारित बालविकास केन्द्रलाई गाँउ शिक्षा समितिले आवश्यकताका आधारमा अन्य वडामा ठाँउ सारी गर्न सक्नेछ ।

३३. यस निर्देशिका बमोजिम हुनेः यस निर्देशिकालाई उल्लखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

३४. संसोधन गर्न सकिनेः यो निर्देशिकालाई आवश्यकता अनुसार समयानुकुल बनाउन गाउँकार्यपालिका बाट संसोधन गर्न सकिनेछ ।

## अनुसूची १

## प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनको लागी दिइने निवेदन

श्री ===================.

विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालन गर्न अनुमति पाउ ।

शैक्षिक शत्र............................... देखि प्रारम्भिक बाल शिक्षा केन्द्र/ शिशु विकास केन्द्र संचालन गर्न व्यवस्थापन समितिको मिति ............................... को निर्णय अनुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु / छौं ।

क प्रस्तावित केन्द्रको

१. नाम

२. ठेगाना

३. फोन नं

४. सेवा पुर्याइने बालबालिकाको संख्या

ख सञ्चालनका लागि जिम्मेवार लिने वा आवद्धता दिने केन्द्रको

१. नाम २. ठेगाना ३.फोन नं

ग प्रस्तावित केन्द्रको भौतिक पूर्वाधार

१. भवन

अ. कोठा आ. कच्ची पक्की

इ. केले बनेको ई. भाडा आफ्नै सार्वजनिक

२. फर्निचरको विवरण

अ. मेच संख्या आ. टेबल संख्या इ. बेन्च डेक्स संख्या

३. खेलमैदान र त्यसको क्षेत्रफल

अ. आफ्नै आ. कच्ची पक्की इ. अन्य

४. शौचालयको अवस्था

अ. संख्या आ. कच्ची पक्की

इ. पानीको व्यवस्था भए नभएको

५. खानेपानीको अवस्था

अ. बोकेर ल्याउने आ. धाराबाट इ. पर्याप्त अपर्याप्त

६. पाठ्यसामाग्रीको नाम र संख्या

अ आ इ

७. आर्थिक विवरण

अ. चल आ. अचल इ. अन्य

८. आम्दानी स्रोतको व्यवस्था कसरी मिलाइन्छ

९.अन्य कुनै विवरण भए उल्लेख गर्ने ।

माथी लेखिएको विवरण ठीक छ झुठो ठहरे सहुँला बुझाउँला ।

निवेदकको

संस्थाको छाप सही नाम

ठेगाना मिति

संलग्न कागजातहरु

१ भवन खेल मैदान सम्बन्धि प्रमाण कागजात र विवरणा

२ संस्थाबाट संचालन गर्नेभएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरणा र लेखा परीक्षण प्रतिवेदन

३आपसी सहयोग समूहबाट निवेदन भए त्यस्तो समूहको बैठकको निर्णय ।

४ कुनै केन्द्रसँग आवद्ध गरी संचालन गर्न खोजिएको भए सो केन्द्रको सिफारीस ।

अनुसूची २

प्रारम्भिक बाल विकास केन्द्र / मन्टेश्वरी कक्षा / शिशु विकास केन्द्र सञ्चालनका लागि दिइने अनुमति

श्री .......................................

................................................... |

विषयः प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति

प्रारम्भिक बाल विकास केन्द्र / मन्टेश्वरी कक्षा / शिशु विकास केन्द्र सञ्चालनका लागि यस तिनाउ गाउँपालिकाको कार्यालयमा दिएको निवेदन उपर कारवाही हुदा शैक्षिक शत्र देखि प्रारम्भिक बाल विकास केन्द्र / मन्टेश्वरी कक्षा / शिशु विकास केन्द्र सञ्चालन गर्न मिति को गाउँ शिक्षा समितिको निर्णय बमोजिम अनुमति प्रदान गरीएको छ ।

प्रमाणित मिति २०८१।०७।०६

आज्ञाले
लेखबहादुर बस्नेत
प्रमुख प्रशासकीय अधिकृत